लेखापरीक्षण प्रतिवेदन

मायादेवी गाउँपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मायादेवी गाउँपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/140

श्रीमान् अध्यक्षज्यू,
मायादेवी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/140

श्रीमान् अध्यक्षज्यू,

मायादेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

कपिलवस्तु।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस गाउँपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ६४ करोड ६२ लाख ७५ हजारको लेखापरीक्षणबाट रु. १ करोड ७२ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ११ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ७४ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु. ५२ लाख ९९ हजार र पेस्की बाँकी रु. ३३ लाख ९९ हजार गरी जम्मा रु. १ करोड ७२ लाख ७५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ३९ करोड ३३ लाख ५ हजार रहेकोमा यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. ४१ करोड ५ लाख ८० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयक्त छन भन्ने करामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वियन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मायादेवी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७७	१०१	१,७२,७५,३०२	०	०	०	०	७७	१०१	१,७२,७५,३०२	११,०८,५४६	५२,९९,७११	७४,६८,३१४	०	०	१,२७,६८,०२५	३३,९८,७३१

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलबस्तु	३९,३३,०५,४५५	०	०	३९,३३,०५,४५५	०	१,७२,७५,३०२	४१,०५,८०,७५७

मायादेवी गाउँपालिका, कपिलवस्तु

(८०५४९५०१३००)

मायादेवी गाउँपालिका , कपिलबस्तु

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस मायादेवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ८८.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५९७२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।७ देखि २०८२।९।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फको रु.१ अर्ब ६४ करोड ६२ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१५ लाख १८ हजार ५ सय ७६ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	धार्मिक विद्यालयलाई दिएको नपाउने अनुदान रकम	१२८०३००
२	सावधिक जीवा बीमा दोहोरो भुक्तानी	१२६४००
३	प्रविधि हस्तान्तरणको लागत साझेदारी रकम	१०४३७
४	बढी ग्रेड भुक्तानी रकम	२४१३०
५	आमा सुरक्षा कार्यक्रम बढी भुक्तानी	४८४००
६	पारिश्रमिक कर	८१९०
७	यातायात खर्च	३०००
८	बढी भुक्तानी	१७७१९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**२४७४३९००.५९**	१	**चालु खर्च**	**३८६४४०६१८.७१**
	क) धरौटि मौज्दात	४३१३४१५	२	**पुँजीगत खर्च**	**१७१०८५५०८**
	ख) स्थानीय सञ्चित कोष	१९३७५०७५.४६	३	**विषयगत खर्च**	**२३२७०१६०७**
	ग)विविध खर्च खाता	३५००००		क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५०७१५३५
	घ) प्रकोष व्यवस्थापन	७०५४१०.१३		ख) सामाजिक सुरक्षा	२२७१२६०७२
२	**राजस्व (आन्तरिक आय)**	**१३८७९९४१३.५**		ग)विद्यालय क्षेत्र सुधार कार्यक्रम	५०४०००
	क) आन्तरिक राजस्व	११३२८११९.९२	४	विविध खर्चखाता	१९३६५००
	ख) राजस्व बाँडफाँट	१२७४७१२९३.५४	५	धरौटी फिर्ता	१४५८४३४
३	**वित्तीय हस्तान्तरण संघ**	**४१९४८९४००**	६	कोष फिर्ता	२८१३१०४८.३५
	क) वित्तीय समानीकरण अनुदान	१२६६२८८००	७	**बैङ्क मौज्दात**	**२७५४११५८.९९**
	ख) सशर्त अनुदान	२६१८५९६००		क) स्थानीय सञ्चित कोष खाता	१६८६८२६६
	ग) विशेषअनुदान	१३९०००००		ख) धरौटी मौज्दात खाता	७९२२८१५
	घ) समपूरक अनुदान	१७१०१०००		ग) प्रकोष व्यवस्थापन खाता	२३६२६३०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**२४८९९०००**		घ) विविध खर्च खाता	३५००००
	क) वित्तीय समानीकरण अनुदान	९७०९०००		ङ) चालु खर्च खाता	३३३४१
	ख) सशर्त अनुदान	७१९००००		घ) पुँजीगत खर्च खाता	४१०७
	ग) समपूरक अनुदान	७००००००			
	घ) विशेष अनुदान	१००००००			
५	**विषयगत निकायबाट प्राप्त**	**२३२७०१६०७**			
	क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५०७१५३५			
	ख) सामाजिक सुरक्षा	२२७१२६०७२			
	ग)विद्यालय क्षेत्र सुधार कार्यक्रम	५०४०००			
६	**धरौटी आय**	**५०६७८३४**			
	प्रकोप व्यवस्थापन कोष	**१६५७२२०**			
७	**विविध खर्च खाता प्राप्ति**	**१९३६५००**			
	जम्मा	**८४९२९४८७५.०५**		**जम्मा**	**८४९२९४८७५.०५**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको बेहोरा दफा २ को अनुसुचीमा राखिएकोछ।

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनगर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २२,७१,२६,०७२/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५०,७१,५३५/- र विद्यालय शिक्षा क्षेत्र योजना को रु. ५,०४,०००/- समेत गरी रु. २३,२७,०१,६०७/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २९,७०५/-, यस वर्षको प्राप्ति रु. २६,९५,२३,९१४/३५, यस वर्षको भुक्तानी रु. २६,४२,२७,५८९/३५ र बाँकी मौज्दात रु. ५२,६६,६२०/- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बाँकी मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	२४७४३९००.५९	८२४५५०९७४.४६	८२१७५३७१६.०६	२७५४११५८.९९
सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२४७७३६०५.५९	५५५०२७०६०.११	५५७५२६१२६.७१	२२२७४५३८.९९
फरक	**-२९७०५.००**	**२६९५२३९१४.३५**	**२६४२२७५८९.३५**	**५२६६६२०.००**

६ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।प्राप्त विवरण अनुसार खर्च खाताको श्रेस्तामा भन्दा बैंक मौज्दातमा रु. ३७,४४८/- घटी रहेको देखिएको छ । जोर वर्षको खर्च खातामा मौज्दात देखिएको उक्त रकम आर्थिक वर्षको अन्त्यसम्म दाखिला गर्न बाँकी रहेको दायित्व रकम भएकाले दायित्व रकम दाखिला गरी हिसाब मिलान गर्नु पर्ने रु.

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता (ग ४-१)	१६८६८२६५.८६	१६८६८२६५.८६	
आन्तरिक राजस्व खाता (ग १-१)			
धरौटी खाता (ग ३-१)	७९२२८१५.००	७९२२८१५.००	
विविध खर्च खाता (ग २-७)			
स्थानीय तह विविध कोष खाता (ग ५-१)	३५००००.००	३५००००.००	
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२)	२३६२६३०.१३	२३६२६३०.१३	
चालू खर्च खाता-जोर वर्ष (ग २.२)	३३३४१.००		३३३४१.००
पुंजीगत खर्च खाता-जोर वर्ष (ग २.४)	४१०७.००		४१०७.००
जम्मा	**२७५४११५८.९९**	**२७५०३७१०.९९**	**३७४४८.००**

प्रमाण पेश नगरेको	३४,४४८

७ कोषहरुको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँ विकास समितिका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

८ शसर्त अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. २९,२८,६०,६००/- अनुदान प्राप्त भएकोमा रु. २६,६४,०९,०२२/- खर्च भई आर्थिक वर्षको अन्त्यमा रु. २,६४,५१,५७८/-३५ बाँकी रहेकोमा २०८२/३/३२ मा संघीय सञ्चित कोष फिर्ता गरेको छ भने प्रदेश अनुदान तर्फ रु. १,५१,९०,०००/- अनुदान प्राप्त भएकोमा रु. १,३५,१०,५३०/- खर्च भई रु. १६,७९,४७०/- बाँकी रहेकोमा २०८२/३/३२ मा प्रदेश सञ्चित कोष फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	सशर्त	२६१८५९६००	२३८१०६२१२	२३७५३३८८.३५
	विषेश	१३९०००००	११२०२७९८	२६९७२०२
	समपूरक	१७१०१०००	१७१०००१२	९८८
जम्मा		**२९२८६०६००**	**२६६४०९०२२**	**२६४५१५७८.३५**
प्रदेश सरकार	सशर्त	७१९००००	५५७८४६०	१६११५४०
	समपूरक	७००००००	६९४४१२०	५५८८०
	विषेश	१००००००	९८७९५०	१२०५०
जम्मा		**१५१९००००**	**१३५१०५३०**	**१६७९४७०**
कुल जम्मा		**३०८०५०६००**	**२७९९१९५५२**	**२८१३१०४८.३५**

९ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१/३/१० मा रु. ६६ करोड ३८ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१ असार १० मा पारित भएको छ । यसैगरी पालिकाका अध्यक्षले मिति २०८१ असार ३२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० खर्च बिश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १,१३,२८,११९/९२ राजस्व बाँडफाँटबाट रु. १२,७४,७१,२९३/५४ र अनुदानबाट रु. ४४,४३,८८,४००/- समेत रु. ५८,३१,८७,८१३।५० आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ३८,६४,४०,६१८/७१ र पूँजिगत तर्फ रु. १७,१०,८५,५०८/- समेत रु. ५५,७५,२६,१२६/७१ खर्च भएको छ । खर्च मध्ये

आन्तरिक आयको हिस्सा प्रतिशत २.०३ मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ८२ लाख ७० हजार खर्च भएको छ जुन आन्तरिक आयको ७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६९.३१ प्रतिशत चालु र ३०.६९ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार समेत रु. १७ करोड १० लाख ८५ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड ४ लाख ४४ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.५९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

• उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

१२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च (प्रतिशतमा)
आर्थिक विकास	२२८७५०००	१७८८२२३२	७८.१७
सामाजिक विकास	२९०७४९०००	२३६२२८०४२.६५	८१.२५
पूर्वाधार विकास	१०६८०८०००	९२४६८३८४	८६.५७
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८२१६९४२	७६३५८५६	९२.९३
कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२२३०४२३	१८६२११६००.०६	८७.७४
जम्मा	**६४०८७९३६५**	**५४०४२६११५**	**८४.३२**

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी र आर्थिक विकासको क्षेत्रमा सबैभन्दा घटी प्रतिशत खर्च भएको देखिन्छ ।

१३ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. १७ करोड १० लाख ८६ हजार मध्ये प्रथम त्रैमासिकमा शुन्य प्रतिशत, दोश्रो त्रैमासिकमा १.०८ प्रतिशत, तेश्रो त्रैमासिकमा २२.५५ प्रतिशत र चौथो त्रैमासिकमा ७६.३७ प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ५३.०५ प्रतिशत खर्च गरेको छ । कार्यान्वयनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार

परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

खर्च विवरण	खर्च (रु. हजारमा)					
	कुल खर्च	प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
	१७१०८६		१८५५	३८५७६	१३०६५५	९०७५५
	१००		**१.०८**	**२२.५५**	**७६.३७**	**५३.०५**

१४ **चौमासिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

१५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने

ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ सवारी साधन र मेशिनरीको मर्मत अभिलेख

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म . ले. प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धति लागु गर्नु पर्दछ ।

२० सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

२१ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) वजेट व्यवस्थापन तर्फ :

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

•पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

•वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

•शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

•दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।

(ख) खरिद व्यवस्थापन तर्फ :

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको देखिएन,

•सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

•सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

•स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

•उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

•पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

(ग) शिक्षातर्फ :

•शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

•कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन,

•स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

•संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

२३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियम १०६ बमोजिम लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण नगराई कार्यालयमा मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरि जिन्सी श्रेस्ता अध्यावधिक बनाउनु पर्दछ ।

•पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

•पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति

हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा पालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

•जिन्सी समानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

•वर्ष भरिमा मर्मत गरिएका सामाग्री अलग अलग विवरण तयार गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

२४ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता १५४५ वटा, मृत्यु दर्ता ४०० वटा, बसाइँसराइ ४७ वटा, विवाह दर्ता ५२७ वटा र सम्बन्ध विच्छेद ११ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

२५ **कर्मचारी कल्याणकोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गर्ने गरेको छ । अन्य कर्मचारीको हकमा यो वर्ष कुनै रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन ।प्रचलित ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

२६ **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा पालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था । पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट सभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण पालिका प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष सम्म फर्छयौट हुन बाँकी ३४, यस वर्ष दर्ता भएका १८ समेत ५२ मुद्दा रहेकोमा यस वर्ष २५ मुद्दा फर्छयौट भई २७ मुद्दा फर्छयौट हुन बाँकी रहेको देखिन्छ । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

उजुरीको प्रकार	गत आ.वमा फछ्र्यौट गर्न बाँकी	यो आ.व मा थप	यो आ.व मा फछ्र्यौट	फछ्र्यौट बाँकी
जग्गासँग सम्बन्धि विवाद	९	३	५	७
अंश विवाद	२	१	१	२
निजि घर सँग सम्बन्धि विवाद	६		६	
गाली गजोज विवाद	२		२	
लेनदेन विवाद	३	४	१	६
अन्य	१२	१०	१०	१२
जम्मा	**३४**	**१८**	**२५**	**२७**

२८ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म तर्जुमा गरी कार्यान्वियन गरेका कानुनको विवरण प्राप्त भएन । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधी सम्म स्थायी र करार गरी ९१ जना पदपूर्ती भएको देखिन्छ। कार्यालयको कार्यचापको आधारमा दरबन्दी व्यवस्थापन गर्नु पर्दछ ।

३० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता बापत रु २ करोड १३ लाख ५७ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३१ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १४ पदमा ६४ जना कर्मचारीहरू करारमा राखी यसवर्ष रु. २ करोड ४८ लाख ७० हजार खर्च लेखेको छ ।

३२ **दरबन्दी भित्रको ज्यालादारी कर्मचारी**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन,२०८० को दफा १५ (६) मा निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारीमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ। गाउँपालिकाले स्वीकृत दरबन्दी, पालिकाको संगठन तथा व्यवस्थापन गरी भएको दरबन्दी भित्र कर्मचारी नियमानुसार पदपूर्ति गरी कार्य गराउनुपर्दछ। पालिकाको दैनिक कार्यमा आवश्यक हुने श्रेणीविहिन पदहरुमा दरबन्दी भित्र रही करार सेवाबाट पर्दपूर्ति गर्नुपर्दछ।पालिकाले असिस्टेन्ट सब ईन्जिनियर, सहायक कम्प्युटर अपरेटर, अमिन, अहेब, अ.न.मी. र ल्याब असिस्टेन्ट गरी ६ पदमा १० जना कर्मचारी वर्षभरि डोर हाजिरका आधारमा राखी रु. ३९,४८,२४०।- खर्च लेखेको छ। वर्षभरि डोर हाजिरमा कर्मचारी राखी खर्च गरेको रकम अनियमित देखिएको रु.

अनियमित भएको	३९,४८,२४०

३३ स्वयंसेवक शिक्षक

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम शिक्षक पदपूर्ति गर्दा शिक्षक विद्यार्थी अनुपात हेरेर मात्र शिक्षक छनौट गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रका ३० विद्यालयमा ८१ जना स्वयंसेवक शिक्षक नियुक्त गरी रु. १,८२,४१,१९९/- खर्च गरेको छ। विद्यालयहरुमा विषयगत शिक्षकको रुपमा दरबन्दी कम रहेको र दरबन्दी नै नरहेको विद्यालयमा नियुक्त गरेको भन्ने पालिकाको भनाई रहेको छ। पालिकाले आवश्यकता र शिक्षक विद्यार्थी अनुपातलाई समेत विचार गरी शिक्षक नियुक्त गर्नुपर्दछ। विद्यार्थी संख्या कम भएका विद्यालयहरु समायोजन गरी आवश्यकताको आधारमा शिक्षक नियुक्त गर्नुपर्दछ।

३४ सूचनाको हकसम्बन्धी कानूनको पालना

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ र ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्ने, आफ्नो सूचना वर्गीकरण र अद्यावधिक गर्नु पर्ने, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गर्नु पर्ने, आफ्नो वेभसाइट तयार गरी अद्यावधिक राख्नु पर्ने र सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले सूचना अधिकारी तोकेको र आफ्नो वेभसाइट तयार गरेको भए पनि आफ्नो सूचना वर्गीकरण र अद्यावधिक, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन र माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राखेको पाइएन । सूचनाको हकसम्बन्धी कानुनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

३५ करदाताको अभिलेख

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६ आयको अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ९४ लाख २० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १ करोड २३ लाख २८ हजार (१२०.२६ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी पालिकाको आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

प्राप्तिको श्रोत	वार्षिक अनुमान	असुल
११३१३ - सम्पती कर	१५००००	२४६१९२
११३१४ - भुमिकर/ मालपोत	१२०००००	१०४२८८१
११३१७ - वहाल कर	८०००००	६०४९०६.६९
११३१८ - वहाल विटौरी कर		२००
११४५१ - सवारी साधन कर (साना सवारी)		१४४५
११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर		२००
११६९१ - अन्य कर		-२९१०५
१४२१८ - विद्युत सेवा शुल्क		१००
१४२२१ - न्यायिक दस्तूर	१००००	५७००
१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	१५००००	५६६००
१४२२४ - परीक्षा शुल्क		११८००
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	२५००००	३४१२००
१४२४२ - नक्सापास दस्तुर	१०००००	१६४५६२.२५
१४२४३ - सिफारिश दस्तुर	१००००००	१२५३१८८
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	९०००००	१४०५३००
१४२४५ - नाता प्रमाणित दस्तुर	२५००००	२१७८००
१४२४९ - अन्य दस्तुर	७५००००	५८०२५
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर		३००
१४२६५ - अन्य क्षेत्रको आय		१७९९७६०
१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	१००००	११५०६०
१४५२९ - अन्य राजस्व	३००००००	२२६३३९७.९८
१४६११ - व्यवसाय कर	२५००००	१९५१००
१५१११ - बेरूजू	६०००००	१५४३८०२
३२१२२ - बैंक मौज्दात		२९७०५
जम्मा	**९४२००००**	**११३२८१२०**

३७ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनी कर सङ्कलन गरेको छैन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकालाई प्राप्त हुने व्यवसाय कर वापतको राजस्व गुमेको अवस्था छ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **एम्बुलेन्सको आय**

पालिकाबाट संचालनमा ल्याएको एम्बुलेन्स कार्यविधि बनाइ सेवा प्रदान गर्ने र शुल्क निर्धारण गरि सो अनुसार राजश्व संकलन गर्नु पर्दछ । यस पालिकाबाट एम्बुलेन्स सञ्चालनमा रहेकोमा पालिकाले जेष्ठ नागरिक, महिला सुत्केरी, रातो र निलो कार्ड भएका अपाङ्गलाई नि:शुल्क सेवा प्रदान गरेको पाइयो। एम्बुलेन्स वर्ष भरि संचालन गर्दा राजश्व संकलन गरेको छैन भने एम्बुलेन्सको मर्मत, इन्धन तथा चालकको खर्च अभिलेखिकरण नभएकोले यथार्थ आम्दानी खर्चको तुलना गर्न सकिएन । अतः एम्बुलेन्स संचालन बाट हुने आम्दानी तथा खर्चलाई व्यवस्थापन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

३९ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

४० **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

४१ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. १४ लाख २५ हजार खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४२ **इन्धन खर्च**

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि मितव्यविता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं ७ बमोजिम कार्यलयले सवारी साधन पाउने पदाधिकारी तथा कर्मचारीहरुलाइ ईन्धन उपलब्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल पेट्रोल (लिटर) र त्रैमासिक रुपमा मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराइ राख्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष इन्धनमा रु. ३६ लाख ४० हजार खर्च गरेकोमा इन्धन खर्च लेख्ने सवारी साधनको न्युनतम कोटा निर्धारण गरी सोको मासिक लगत राखेको पाइएन । निर्देशिकाले गरेको व्यवस्था बमोजिम इन्धनको कोटा निर्धारण गरी जारी गरिएका कुपनको अद्यावधिक अभिलेख र प्रयोग गर्ने सवारी साधनको अभिलेख भिडान गरी इन्धनको दुरुपयोग नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४३ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

४४ **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्छयौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले विगत वर्षहरुमा बिभिन्न व्यक्ति, संस्था र निर्माण व्यवसायीहरुलाई दिएको पेश्की रु. १,९३,४९,१११/- आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म पनि फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार समयमै फर्स्यौट गर्नुपर्दछ ।

पेश्की जिम्मेबारी सारेको मिति	पेश्की लिनेको विवरण	पेश्की प्रयोजन	पेश्की रकम
२०८१/०४/०१	श्री श्यामकुमार कामत	चाकरचौडा बसपार्कमा सार्वजनिक शौचालय मर्मत	५८०००
२०८१/०४/०१	श्री श्यामकुमार कामत	तुलसिडिहवागाउँमा पिसिसी ढलान	९००००
२०८१/०४/०१	श्री श्यामकुमार कामत	नर्सरीकोपिलरमा तारवार	१४००००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	उपचारात्मकसेवा अन्तर्गतका कार्यक्रमहरु	३८५०००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	पालिकास्तरमा टाईफाइड खोप अभियान संचालन	२०००००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	हात्तिपाईले रोग बिरूध्दको आम औषधी सेवन (MDA) कार्यक्रम सञ्चालन	८०००००
२०८१/०४/०१	श्री रन कुमारश्रेष्ठ	परिवारनियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम	५०००००
२०८१/०४/०१	श्री रन कुमारश्रेष्ठ	हात्ती पाइले रोग बिरुद्धको आम औषधि सेवन अभियान (MDA) संचालन	६०००००
२०८१/०४/०१	श्री अनिल कुमारचौधरी कुर्मी	कर्मचारीहरुलाइ सकरात्मक सोच सम्बन्धि तालिम	३०००००
२०८१/०४/०१	श्री अनिल कुमारचौधरी कुर्मी	सहकारी तालीम	५००००
२०८१/०४/०१	श्री बैतुल्लाहधुनिया	विविध कार्यक्रम खर्च	८००००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	कार्यक्रम खर्च	१८३७३००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	पुर्ण खोप सुनिश्चितता कार्यक्रम	१८००००
२०८१/०४/०१	श्री महेन्द्रप्रसाद यादव	मायादेवी गाउँपालिकालाइ पुर्ण खोप कार्यक्रम	८०००००
२०८१/०४/०१	रामचन्द्रकुर्मी (चौधरी)	आर्थिकसहायता	४१५०००
२०८१/०४/०१	श्यामकुमार कामत	दशै तिहार र अन्य पर्बमा सहयोग कार्यक्रम	२०००००
२०८१/०४/०१	शिव गुलामकलवार	दुर्गापूजा तथा अन्य पर्व खर्च	२०००००
२०८१/०४/०१	यूरोटेक/ चन्द्रजे.भी.	मायादेवी गाउपालिका १, पकडी, मा खाद्य गोदाम घर निर्माण	३०३३७३१
२०८१/०४/०१	श्री कृष्णकन्स्ट्रक्सन	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण	१००००००
२०८१/०४/०१	श्री जनतामाध्यमिक विद्यालय बलुहवा	नयाँ प्राविधिक धारका विद्यालय संचालनका लागीशिक्षण सहयोग अनुदान	१००००००
२०८१/०४/०१	श्री स्वतन्त्र मा.वि. रतनपुर	विद्यालयकक्षा कोठा निर्माण अनुदान	३६०००००
२०८१/०४/०१	श्री आ.रा.का.कृष्णनगर११११	पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा	२३००००
२०८१/०४/०१	श्री प्रथमिकस्वास्थ्य केन्द्र हरनामपुर	मातृ तथानवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा	१९५२००
२०८१/०४/०१	श्री खानेपानीतथा सरसफाइ समिति विजुवा	कार्यक्रमखर्च	५०४८८०
२०८१/०४/०१	श्री गम्मर सिहपहराइ	कुष्ठ रोगको विरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको निरन्तरता	१०००००
२०८१/०४/०१	श्री भावना यादव	नियमित खोपसुदृढीकरण	२३००००

२०८१/ ०४/ ०१	श्री अमिनप्रसाद कुर्मी	बालविका ससहजकर्ताहरुसँग एक दिने अन्तरक्रिया कार्यक्रम	३५०००
२०८१/ ०४/ ०१	श्री अमिनप्रसाद कुर्मी	विद्यालयहरुकोबार्षिक समिक्षा	३५०००
२०८१/ ०४/ ०१	श्री ज्ञानेन्द्रप्रकाश पाण्डेय	मदरसा, स्कुल वार्षिक उत्सव कार्यक्रम	१०००००
२०८१/ ०४/ ०१	श्री मनोज कुमारचौधरी	गा.पा.पदाधिकारीतथा कर्मचारीहरूको अध्ययन अवलोकन भ्रमण खर्च	५०००००
२०८१/ ०४/ ०१	श्री मनोज कुमारचौधरी	विविधकार्यक्रम खर्च	२०००००
२०८१/ ०४/ ०१	श्री राम शिवकुर्मी	मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१५००००
२०८१/ ०४/ ०१	श्री रामचन्द्रकुर्मी चौधरी	गाउँपालीकासंस्थागत क्षमता स्वमूल्याकन कार्यक्रम	५००००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	अन्यसामाजिक सहायता	४०००००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	आर्थिकसहायता	१५००००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	आर्थिकसहायता	३०००००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	खेलकुदमैदान तथा खेल सामाग्री वितरण कार्यक्रम	१५००००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	भ्रमण खर्च	१७५०००
२०८१/ ०४/ ०१	श्री श्यामकुमार विश्वकर्मा	विपतव्यवस्थापन	१५००००
२०८१/ ०४/ ०१	श्री संजयतिवारी	न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको अवलोकन भ्रमण	२२५०००
जम्मा			**१९३४९१११**

४५ **चालु आर्थिक वर्षको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा दिएको पेश्की मध्ये देहायको पेश्की रु. /- फर्छयौट गर्न बाँकी रहेको छ । फर्छयौट हुन बाँकी पेश्कीको म्याद नाघेको देखिएको रु.

पेश्की लिएको मिति	पेश्कीको प्रयोजन	पेश्की लिनेको नाम	पेश्की रकम
२०८१/ १२/ २५	कानून व्यवसाही तथा अन्य विशेषज्ञ सेवा	रमेश गुप्ता	११५०००.
२०८२/ ०३/ २४	सेवा र परामर्श खर्च	भोलिन्टियर नेपाल क्रस	२५००००.
जम्मा			**३६५०००**

पेश्की	३,६५,०००

४६ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४७ **खरिद सम्झौता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(२) मा खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फारममा उल्लेखित शर्तहरु समावेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी बोलपत्र सम्बन्धी कागजातको सम्झौता फारमको बुँदा नं. २ मा स्वीकारोक्ति पत्र, बोल कबोल पत्र, परिशिष्ट नम्बर, सम्झौताका सामान्य र विशेष शर्तहरु, स्पेशिफिकेशन, ड्रइङ्ग, बिल अफ क्वान्टिटी, मूल्य समायोजन डाटा र सब कन्ट्रयाक्टरको विवरण लगाएतका विवरहरु समावेश गरी खरिद सम्झौता तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट बोलपत्र, प्रस्ताव वा सिलबन्दी दरभाउपत्र बाट खरिद कार्य गराउँदा निर्माण व्यवसायी वा परामर्शदातासँग खरिद सम्झौता गर्दा खरिद सम्झौतामा उक्त विवरण समावेश नगरी एक पानाको खरिद सम्झौता फारम मात्र तयार गरेको देखियो । कानुनले तोकेको ढाँचामा खरिद सम्झौता तयार नगर्दा निर्माण व्यवासायी वा परामर्शदाताबाट खरिद सम्झौता कार्यान्वियन गराउने क्रममा कुनै विवाद उत्पन्न भएमा विवाद समाधान गर्न कार्यालयलाई कानूनी जटिलता उत्पन्न हुनुका साथै खरिद सम्झौता कार्यान्वियनमा समेत असर पर्ने देखिन्छ । तसर्थ कानुनले तोकेको ढाँचमा खरिद सम्झौता तयार नगर्ने कर्मचारीलाई जिम्मेबार बनाई तोकिएको ढाँचामा खरिद सम्झौता गरी कार्यान्वियन गरिनु पर्दछ ।

४८ गुणस्तर आश्वस्तता योजना

संघ तथा प्रदेश सरकारले निर्धारिण गरी स्थानीय तहले स्वीकृत तथा लागु गरेका निर्माण कार्यसँग सम्वन्धित निर्धारित मापदण्ड अनुसार योजना सञ्चालन भए नभएको सम्वन्धमा गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी कार्यान्वियन गर्नु पर्दछ । पालिकावाट सञ्चालन भएका योजनामा गुणस्तरिय कार्य सम्पादन गराउनको लागि गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी सोको कार्यान्वियन अभिलेखिकरण गर्ने गरेको देखिएन । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कार्यको गुणस्तर परीक्षणको लागि नमुना छनौट प्रकृया सुधार गर्ने र उपभोक्ता समितिवाट सम्पादन गरेका कार्यको समेत उपयुक्त गुणस्तर आश्वस्तता योजना तयार गरी अनुगमनका साथै निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको परिमाण, सोको गुणस्तर र सम्पादन भएको कार्यको गुणस्तर सुनिश्चित हुनु पर्दछ ।

४९ त्रुटि सच्याउने दायित्वको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनुपर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेका सबैजसो सार्वजनिक निर्माण कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटिहरु सम्बन्धित निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वियन हुनुपर्दछ ।

५० पेश्की रकमको विवरण

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५१ उपभोक्ताको काम

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

५२ निर्माण कार्यको गुणस्तर

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

५३ उपभोक्ता समितिको बिल भरपाई

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट अनुमोदन गर्ने गरेको देखिएन । उपभोक्ता समितिले पेश गरेको बिल भरपाइ उक्त समितिको बैठकबाट अनिवार्यरुपमा अनुमोदन गराउनु पर्दछ । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

५४ प्राविधिक बिल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदनमा सम्झौता मिति, कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका विवरणहरु उल्लेख गरेको देखिँदैन । प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्ने सम्पुर्ण विवरण नखुलाई प्राविधिक बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने कर्मचारीलाई जिम्मेबार बनाई सम्पुर्ण विवरण खुलाएर प्राविधिक बिल र कार्य सम्पादन प्रतिवेदन बनाउनुपर्दछ।

५५ हेभी मेसिनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ ।

तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था विपरित उपभोक्ता समिति मार्फत कार्य गराउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

५६ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषयवस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

५७ **कृषि सामाग्रीको वितरण**

कृषीक्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तहमार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधीतथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षितकृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट ११४० जनाको लागि स्प्रे टंकी र ३३९७ जनालाई बिउ वितरण गरेको विवरण देहाय अनुसार रहेको छ ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी अनुदानप्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै पालिकाले वडा र पालिकाको बजेटबाट गरी रु. ४२,४१,१९५/- मूल्यका ११४० थान स्प्रे टंकी सोझै खरिद गरी वितरण गरेको छ। एकै प्रकृतिका सामानहरु एउटै प्यकेज बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा टुक्रा टुक्रा पारी खरिद कार्य गरेको देखियो । खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउनका लागी एउटै प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्ने गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

क्र.स	कार्यक्रमको नाम	सप्लायर्सको नाम	अनुदानको किसिम	व्यक्ती संख्या	रकम रु
१	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम	लुम्बिनी ट्रेडर्स	८० प्रतिशत	१०६	४७९१२०
२	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम	लुम्बिनी ट्रेडर्स	८० प्रतिशत	१३३	४७९८६६
३	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम वडा नं ५	खान एग्रो सेन्टर	१०० प्रतिशत	८९	४०००००
४	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम वडा नं ५	खान एग्रो सेन्टर	८० प्रतिशत	२१३	७६६७९९
५	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम वडा नं ५	खान एग्रो सेन्टर	८० प्रतिशत	१६०	५७५९९९
६	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम वडा नं ३	बुद्धभुमि ट्रेडर्स	८० प्रतिशत	१३२	४७९९३२
७	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम	बुद्धभुमि ट्रेडर्स	१०० प्रतिशत	४२	१८००००
८	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम	समय माई सप्लायर्स	८० प्रतिशत	१३२	४८०४८०
९	कृषकहरुलाई स्प्रे टंकी वितरण कार्यक्रम वडा नं ६	दिपक एग्रोभेट सेन्टर	७५ प्रतिशत	१३३	३९८९९९
	जम्मा लाभग्राही र अनुदान रकम			**११४०**	**४२४११९५**
१०	तरकारीको बिउ वितरण कार्यक्रम	मौर्या सिड स्टोर एण्ड भेटफर्मा	१०० प्रतिशत	३७८	१०००००
११	बर्सिम घाँसको विउ वितरण	एम वि खान एग्रोभेट	१०० प्रतिशत	३३०	८९७००
१२	च्याउको बिउ र प्लाष्टिक वितरण	सिदार्थ भेट सेन्टर	१०० प्रतिशत	५८६	७४९७०
१३	तरकारीको कम्पोजिट बिउ सेट	एम बि खान एग्रोभेट	१०० प्रतिशत	५२७	९४८६०
१४	बर्सिम घाँसको विउ वितरण	बिराज एग्रो सेन्टर	१०० प्रतिशत	६०६	१९९९८०
१५	झारनाशक औषधी वितरण	न्यु कपिलबस्तु एग्रोभेट सेन्टर	१०० प्रतिशत	३३८	१४९५७०
१६	तरकारीको कम्पोजिट बिउ सेट	कृषक एग्रो भेट सेन्टर	१०० प्रतिशत	१३२	१५००००
१७	तरकारीको कम्पोजिट बिउ सेट	कृषक एग्रो भेट सेन्टर	१०० प्रतिशत	५००	४०००००
जम्मा लाभग्राही र अनुदान रकम				**३३९७**	**१२५९०८०**

५८ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पती वा जिन्सि मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सि किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार भुक्तानी गरेकोमा प्रतिवेदन पालिकाको जिन्सी खातामा दाखिला भएको देखिएन। प्रतिवेदन दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं. र मिति	कामको विवरण	भुक्तानी पाउनेको विवरण	भुक्तानी रकम
२४८।०८२।३।२३	डिजिटल डिस्पले विथ भिडियो प्रोसेसर र कलाउड म्यानेजमेन्ट	हिमालयन सलुशन प्रा.लि	९९४३६०
२७२।०८२।३।२४	सडक गुरु योजना	सिभिल क्रियसन नेपाल प्रा लि	१४९५४१०
जम्मा			**२४८९७७०**

५९ आय कर

आय कर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले संघिय सशर्त पुँजीगत विशेष अनुदान तर्फ बेरोजगार युवा तथा महिलाका लागी सीपमूलक तालिम कार्यक्रमहरु बिभिन्न गैह्र सरकारीसँस्था मार्फत सञ्चालन गरेकोमा देहायका संस्थाहरु मूल्य अभिबृद्धि करमा दर्ता नभएको र पालिकाले उक्त संस्थाहरुबाट सेवा लिँदा नियमानुसार पन्ध्र प्रतिशत कर कट्टा नगरी ती संस्थाहरुले

पेश गरेका खुद्रे बिल र भरपाईमा अग्रिम आय कर र सामाजिक सुरक्षा कर मात्र कट्टा गरी भुक्तानी गरेको देखियो । तालिम सञ्चालन गरे वापत सेवा शुल्क भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नु पर्ने भन्दा घटी कट्टी गरेको आय कर रकम असुल हुनुपर्ने रु.

भौचर नं मिति	संस्थाको नाम	कार्यक्रम	भुक्तानी	करकट्टी गर्नुपर्ने (१५ प्रतिशत)	कर कट्टी	असुल गर्नुपर्ने कर
४/०८२/३/२३	बदलिँदो समाज नेपाल	पंखा मर्मत तालिम	३९७०५०९	५९५५७	१२०३०	४७५२७
७/०८२/३/२५	लुम्बिनी युवा समाज	मुढा बनाउने तालिम	३९५४००	५९३१०	१२४५६	४६८५४
८/०८२/३/२५	समाज सेवा नेपाल	बत्ती बनाउने तालिम	१९५५००	२९३२५	६९१५	२२४१०
	जय नेपाल बहुउद्देश्यिय संस्था	बेमौसमी तरकारी खेती तालिम	१४७०००	२२०५०	६९६९	१५०८१
३१/०८२/३/२५	एकिकृत सिकाइ परिचालन समाजिक संस्था	सरफ बनाउने तालिम	४४७९००	६७१८५	१३६०५	५३५८०
९७।०८१।९।२	बुद्ध टेक्नसकल इलेक्ट्रिक सेन्टर	कम्प्युटर तालिम	१९९०००	२९८५०	२५०५	२७३४५
१९८।०८१। १०।२२	बुद्ध टेक्नसकल इलेक्ट्रिक सेन्टर	कम्प्युटर तालिम	१९८६००	२९७९०	२९०४	२६८८६
२४२।०८१। ११।९	नेपाल सामाजिक विकास संस्था	महिला सशक्तीकरण	१९८५००	२९७७५	४८३८	२४९३७
३१६।०८१। १२।६	बुद्ध टेक्नसकल इलेक्ट्रिक सेन्टर	सिपमुलक तालिम	१९९६००	२९९४०	३२१८	२६७२२
५६४।०८२।३। १०	गच्छामी मिडिया ग्रुप प्राली	डिजिटल साक्षरता कार्यक्रम	३०२७५०	४५४१३	१६०१०	२९४०३
६१२।०८२।३। १६	लुम्बिनी युवा समाज	पोसिलो खाना प्रदशनी	२५००००	३७५००	८७२०	२८७८०
६४५।०८२।३। १९	लुम्बिनी प्राविधिक शिक्षालय प्राली	युवाहरुलाइ नेतृत्व विकास तालिम	२३६४००	३५४६०	२८७६५	६६९५
६७७।०८२।३। २३	लुम्बिनी प्राविधिक शिक्षालय प्राली	ए सि मर्मत तालिम	३३४३००	५०१४५	६१३५	४४०१०
जम्मा			७०७५४५९	५२५३००	१२५०७०	४००२३०

असुल गर्नुपर्ने	४,००,२३०

६० **गाउपालिका स्तरीय भिडियो डकुमेन्ट्री निर्माण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पती वा जिन्सि मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सि किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले गाउँपालिका स्तरिय भिडियो डकुमेन्ट्री निर्माण गरेबापत धुव्र मिडिया प्रा.ली. लाई भौचर नं ३४०।०८१।१२।२० बाट रु. २,९५,०००/- भुक्तानी गरेकोमा कार्यालयको जिन्सि खातामा दाखिला भएको छैन । खरिद गरिएको भिडियो डकुमेन्ट्री कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,९५,०००

६१ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई, दिप प्रजोलन एवं शोभा जात्रा, पर्व पूजाआजा, विभिन्न व्यक्तिको उपचार खर्च लगायतको कार्यको लागि कार्यालिकाको निर्णय अनुसार रु. ६,९०,०००/- र अन्य सामाजिक सहायत शिर्षकबाट रु. १५,८६,०००/- आर्थिक सहायता वितरण गरेको छ। वडा सचिव र कर्मचारीहरुलाइ पेश्की तथा एकमुष्ट रकम उपलब्ध गराइ सहायता प्राप्त गर्ने लाभग्राहिको भर्पाइको आधारमा पेश्की फछ्यौट/भुक्तानी गरेकोले अर्थिक सहायता बापत खर्च भएको रकम र सहायता प्राप्त गर्ने व्याक्ती वा संथाको संख्या एकिन गर्न सकिएन । साथै पालिकाले वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

६२ वडा तर्फको जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पती वा जिन्सि मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सि किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई अनिवार्य रुपमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गत वडा कार्यालयलाई विनियोजित बजेटबाट वडा कार्यालयले नै सामग्री खरिद गरी वडा कार्यालमै म्यानुअल दाखिला गर्ने गरेकोमा वडा कार्यालयबाट खरिद गरिएको जिन्सी मालसामान पालिकाको जिन्सी अभिलेखमा अद्यावधिक भएको देखिएन । यस वर्ष मात्र प्रत्येक वडा कार्यालयलाई मसलन्द खरिद वापत रु. ३ लाख ५० हजारका दरले रु. २८ लाख बिनियोजन गरी रु. २७ लाख ८७ हजारको मसलन्द खरिद गरेकोमा उक्त सामग्री पालिकाको सरकारी सम्पती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको देखिएन । त्यसैगरी पुँजीगत तर्फ खर्च भएर नजाने जिन्सी समेत वडा कार्यालयबाट खरिद गरी गाउँ पालिकाको जिन्सीमा आम्दानी बाँधेको देखिएन । नमूना परीक्षणका आधारमा खर्च भएर नजाने देहायका सामानहरु वडा कार्यालयहरुले खरिद गरेकोमा पालिकाको सरकारी सम्पती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको छैन । खरिद गरिएका सम्पुर्ण जिन्सी सामानहरुको माग फारम, खरिद आदेश र दाखिला प्रतिवेदन कार्यालय प्रमुखबाट प्रमाणित हुनुका साथै सम्पूर्ण जिन्सी सामानहरु पालिकाको सरकारी सम्पती व्यवस्थापन प्रणाली (PAMS) मार्फत अभिलेख राखी जिन्सी अद्यावधिक गरिनु पर्दछ ।

गो.भौ.नं.।मिति	खरिद गर्ने वडा कार्यालय	खरिद सामाग्री	भुक्तानी प्राप्त गर्नेको नाम	रकम रु.
११।८१।१।१८	वडा नं. ६	प्रिन्टर	ल्यापकम टेकनोलोजी	२९०००
१५।८१।१०।२४	वडा नं. ६	एअर कन्डिसनर १ टन दुई थान	केसी ट्रेडर्स	१४९९९९
१४।८१।९।२४	वडा नं. ७	प्रिन्टर, मल्टीपल्ग आदि	चौधरी कमप्युटर मर्मत केन्द्र	८८४७९
१७।८१।१०।१५	वडा नं. २	प्रिन्टर	चौधरी कमप्युटर मर्मत केन्द्र	२८९८४
१८।८१।१०।२५	वडा नं. २	अटोक्लेभ (स्वास्थय चौकी)	बुद्ध मोडलिङ्ग प्रा.लि	२१६००
५७।८१।१२।१०	वडा नं. २	स्ट्रिट लाईट १०० वाट ६ थान	पिउस सप्लायर्स	१११८७०
३६।८१।११।२६	वडा नं. ४	स्ट्रिट लाईट ५० वाट ४५ थान	शुभम जेनरल सप्लायर्स	२०२५००
३८।८१।११।२७	वडा नं. ४	ल्यापटप, आई पि क्यामरा	चौधरी कमप्युटर मर्मत केन्द्र	१९५९६१
१९।८२।१।१७	वडा नं. ५	एअर कन्डिसनर, सोफा आदी	न्यू स्वस्तिक ट्रेडर्स	४४९९९८
९८।८२।१।३०	वडा नं. १	एअर कन्डिसनर, इलेक्ट्रोनिक आईटम	जेनिथ टि ए ट्रेडर्स	३४९१७०
जम्मा				१६२७५६१

६३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६४ कम्बल वितरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले जेष्ठ नागरिक, एकल महिला, विपन्न नागरिक, दलित तथा विधवाको लागी वडा र पालिकाको बजेटबाट गरी रु. ३३,१६,९३५/- मूल्यका १६३४ थान कम्बल सोझै खरिद गरी वितरण गरेको छ। एकै प्रकृतिका सामानहरु एउटै प्याकेज बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा टुक्रा टुक्रा पारी खरिद कार्य गरेको देखियो । खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउनका लागी एउटै प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्ने गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

भौचर नं र मिति	आपुर्तिकर्ता	परिमाण	खर्च रकम
१५०।०८१।९।२३	संजय ट्रेड कन्सर्न	२५०	५९९७४५
१६५।०८१।९।२९	डब्लु आर ईन्टरप्राइजेज	५१२	९९९७५०
२०३।०८१।१०।२२	ए एण्ड आर चौधरी ट्रेडर्स	८१	१७०१५४
२५२।०८१।११।१२	राधे राधे कपडा तथा विविध स्टोर्स	२०४	३९९२६०
४७३।०८२।२।२९	जय महाविर सप्लायर्स	३३२	६४९०२६
	राधे राधे कपडा तथा विविध स्टोर्स	२५५	४९९०००
जम्मा		**१६३४**	**३३१६९३५**

६५ वितरणमुखी तथा अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ।वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सिमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धीमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादन मुलक क्षेत्रमा परिचालन गर्नु पर्दछ ।

भौचर नं. र मिति	भुक्तानी पाउने	प्रयोजन	खर्च रकम
५९।०८१।८।११	उदयमान लोनिया	दुर्गा माता मुर्ति स्थापना	५१०००
१२२।०८१।९।१६	विनोद कहार	लक्ष्मी तथा छट पुजा सहयोग	८५०००
१२३।०८१।९।१६	श्याम कुमार कामत	लक्ष्मी तथा दुर्गा पुजा बापत	१५००००
१५३।०८१।९।२४	श्याम कुमार कामत	दशैं तिहार पुजा	२०००००
१७६।०८१।१०।१४	शिव प्रकाश बर्मा	दशैं तिहार बापतको शुभकामना	६००००
१९२।०८१।१०।१५	महम्मद हुसेन मुसलमान	दशैं तिहार बापतको शुभकामना	५००००
२१७।०८१।१०।२८	श्याम कुमार कामत	पर्वमा सहयोग कार्यक्रम	१०००००
२९२।०८१।१२।३	श्याम कुमार कामत	जल्सा अन्जुमन कार्यक्रम	५००००
३२४।०८१।१२।१०	राम नारायण लोहार	दशैं तिहार सहयोग कार्यक्रम	६५०००
३९१।०८२।१।१७	सुरेश कहर	पुजाआजामा वितरण	३०००००
५३३।०८२।३।८	वेदनिधि शुक्ल	यज्ञ सहयोग	५००००
५७८।०८२।३।१२	शिव कुमार कुर्मी	विभिन्न पर्वहरुको लागी सहयोग	२०००००
५८९।०८२।३।१३	श्याम कुमार कामत	विभिन्न कार्यक्रमरहरुको लागी नगद अनुदान	४०००००

६६ **१५ शैया अस्पताल भवन निर्माण (ठे.नं. ८/०७७/७८)**

६६.१ मिति २०८० जेठ २५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कमलजीत/आकृति मालिका/पन्थ जे.भी. सँग मिति २०७८/४/४ मा रु. १३,४६,८४,९९५/- को खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले म्याद भित्र काम सम्पन्न नगरेका कारण प्रथम पटक २०८० फागुन मसान्तसम्म र दोस्रो पटक २०८१ फागुन २१ सम्म म्याद थप गरेको छ । कार्यपालिकाको निर्णयबाट रु. २,४२,३४७१२/- (१७.९९%) भेरिएशन स्वीकृत गरी रु. १५,८४,४३,७२३/९८ को सम्झौता कायम भएको यस निर्माण कार्यमा हालसम्म रु. १५,८४,४३,७२३/९८ भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

६६.२ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। गत वर्षसम्म यस निर्माण कार्यको छैटौं रनिङ्ग बिलसम्म रु. १४,४६,९९,२९९/- भुक्तानी भएकोमा यस वर्ष सातौं रनिङ्ग बिलमा गतवर्षसम्मको भुक्तानी रु. १४,४४,८९,४९३/- मात्र जिम्मेबारी सारेका कारण रु. २,०९,७६६/- घटी जिम्मेबारी सारी भुक्तानी गरेको देखिन्छ । गत वर्ष भुक्तानी भएको भन्दा घटी जिम्मेवारी सारी भुक्तानी गरिएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,०९,७६६

६६.३ **मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम सेवा प्रदायकले तोकिएको ढाँचामा कर बिजक जारी गर्नु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले सातौं रनिङ्ग बिल भुक्तानीका लागी जारी गरेको बिजक नं. १/२०८१/११/१६ मा बिजक नं. केरमेट गरी हातले लेखेको देखियो । जारी गरिएको कर बिजकमा केरमेट गरेको हुँदा उक्त बिलबाट भुक्तानी भएको मू. अ.कर रु. १५,२०,६६५/- समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,२०,६६५

६६.४

भेरिएशन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थित सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण खोली कार्यालय प्रमुखले भेरिएशन स्वीकृत गर्नु पर्दछ । यस अस्पताल भवन निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा सम्म देहायका विद्युतीय आइटमा बिओक्यूमा उल्लेख गरेको भन्दा बढी परिमाणमा प्राविधिक बिलमा समावेश गरी भुक्तानी गरेकोमा भेरिएशन आदेश स्वीकृत गरेको देखिएन । नियमानुसार भेरिएशन आदेश स्वीकृत स्वीकृत गरेको प्रमाण पेश हुनुपर्ने रु.

आइटम नं.	कामको विवरण	इकाई	बिओक्यूको परिमाण	भुक्तानी भएको परिमाण	बढी परिमाण	दर	रकम
४	१२ watt LED Light	वटा	४९	९९	५०	७८०	३८९७५
५	६ Watt LED Light	वटा	९२	१४३	५१	५७८	२९५०२
२२	२*२.५ sq. mm multistrand cable	प्वाइन्ट	५९०	१७७०	११८०	११२९.८६	१३३३२३५
२३	२३२*४+१*१.५ sq. mm multistrand cable	प्वाइन्ट	२९४	७४०	४४६	१७४९.३१	७८०१९२
२६	४ core ४sq.mm copper cable	र.मि.	४०	६६	२६	५२३.९७	१३६२३
२७	४ core६ sq. mm copper cable	र.मि.	५०	१६१	१११	७७७.४३	८६२९५
२८	४ core १० sq. mm copper cable	र.मि.	१०	५०	४०	१०३६.३५	४१४५४
जम्मा							**२३२३२७६**

प्रमाण पेश नगरेको	२३,२३,२७६

६६.५ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्यको विवरण, सम्पन्न मिति लगायतको बेहोरा खुलाई सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँ पालिका पुँजीगतको गो.भौ.नं. १०-२०८२/३/२२ र संघिय शसर्त पुँजीगतको भौ.नं. ३००/२०८२/३/२५ बाट रु. १,३३,९९,७७४/- को अन्तिम बिल भुक्तानी गरेकोमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको पाईएन । नियमानुसार अन्तिम भुक्तानी दिंदा कार्य स्वीकार प्रतिवेदन तयार गरेरमात्र दिनुपर्दछ ।

६७ मनखोरिया देखी भैंसे कुण्ड सडक (ठे.नं. ५/०८०/८१)

६७.१ मिति २०८१ पौष २४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कुमार/जिएसपि/एसआरपि जे.भी. सँग मिति २०८०/१०/२४ मा रु. ३,०६,५८,०३९/९० (मूअकर र पिएस बाहेक) को खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले म्याद भित्र काम सम्पन्न नगरेका कारण २०८२ कार्तिक १ सम्म म्याद थप गरेको छ । यस निर्माण कार्यमा हालसम्म मू.अ.कर समेत रु. ३,१०,९९,४७९/- भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

६७.२ **मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम सेवा प्रदायकले तोकिएको ढाँचामा कर बिजक जारी गर्नु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको देहायका बिजकमा बिजक नं. केरमेट गरी हातले लेखेको देखियो । जारी गरिएको कर बिजकमा केरमेट गरेको हुँदा उक्त बिलबाट भुक्तानी भएको मू. अ.कर रु. २०,८६,६००/- समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं. र मिति	रनिङ्ग बिल	बिजक नं.	बिल रकम	मू अ कर
६२/ ०८१/ १२/ १०	दोस्रो	१/ ०८१/ १२/ १०	१७०६२१२०	१९६२१२२
२१८/ ०८२/ ३/ २१	अन्तिम	७/ ०८२/ १/ १४	१०८२०००	१२४४७८
जम्मा			१८१४४१२०	२०८६६००

प्रमाण पेश नगरेको	२०,८६,६६०

६८ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। जनता आधारभुत विद्यालयको भवन निर्माणका लागी उसभोक्ता समितिसँग २०८२/२/३० मा कार्य सम्पन्न गर्ने गरी २०८१/१०/७ मा रु. ६१६३५२३/- को खरिद सम्झौता भएकोमा उपभोक्ता समितिले रु. ६१५८६७३/- को काम सम्पन्न गरी यस वर्ष रु. ५३३०७९६/- भुक्तानी भएकोमा अन्तिम बिलसम्म विओक्यूको आइटम नं. ५ मा रहेको कंक्रिट कार्यको नापीमा १३.८४ घन मिटर मात्र नापी भएकोमा प्राविधिक बिलमा १७.२५ घन मिटर उल्लेख गरी ३.४१ घन मिटर बढीको रु. ३३०५०/- को प्राविधिक बिल तयार गरी भुक्तानी भएकोमा सम्झौता बमोजिम १३.४४ प्रतिशत उपभोक्ता समितिको योगदान कट्टा गरी रु. २८,६०८/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२८,६०८

६९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। गो.भौ.नं. १९५।३।१२।८२ बाट ठूलो नन्दनगर गाँउभित्र पि.सि.सि ढलान कार्य उपभोक्ता समिती सँग २०८२।३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०८१।१२।६ मा सम्झौता भएकोमा प्राविधिक बिलमा सम्झौतामा उल्लेख भएको भन्दा दरले भुक्तानी गरेको पाइयो। सम्झौता उल्लिखित दर भन्दा बढी दरले भुक्तानी गर्दा रु. २७,२१९/- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

आइटम नं.	कामको विवरण	परीमाण (घ.मि.)	सम्झौताको दर	भुक्तानी भएको दर	फरक दर	बढी भुक्तानी रकम
१	पिसिसि	३४.९३१	९७३७.०३	१०४१५.२६	७७९.२३	२७२१९

असुल गर्नुपर्ने	२७,२१९

७० **असफल जडान**

पालिकाले विगतका वर्षमा भएको निर्णय अनुसार पालिका भित्र हेण्ड पाइप जडान गर्दा पानीको लेयर प्राप्त नभई जडान हुन नसकेका हैण्ड पाईप र डिप बोरिङ्ग कार्यमा उपभोक्ताले गरेको कार्यका लागी उपभोक्ता समितीका अध्यक्ष वा जनप्रतिनिधिको रहोबरमा मुचुल्का उठाई प्रतिवेदन पेश भए पछी प्राविधिक मूल्याङ्कनको आधारमा उक्त कार्य (Failure) बापत सम्झौता रकमको ५ देखी १० प्रतिशतसम्म भुक्तानी गर्दै आएको देखिन्छ। पालिकाले देहायका उपभोक्ता समितिलाई असफल जडान बापत सफल जडानको ५ देखि १० प्रतिशत रकम भुक्तानी गरेकोमा स्रेस्ता सँग मुचुल्का समावेश नरहेको पाइयो। पालिकाले मुचुल्का तथा प्राविधिक पुष्टयाई समावेश गरेर मात्र यस्तो रकम भुक्तानी गर्नु पर्दछ ।

गो.भौ.नं. र मिति	उपभोक्ता समिति	रकम
२१७।८२।३।२०	हेण्ड पाईप जडान योजना उपभोक्ता समिति, मायादेवी -१	३१५२५.२७
२२६।८२।३।२२	वडा भरीका हेण्ड पम्प जडान उपभोक्ता समिति-३	२४९८८.७३
२३९।८२।३।२३	वडा भरीका हेण्ड पम्प जडान उपभोक्ता समिति-८	१२३२३.४४
२६९।८२।३।२४	वडा भरिका हेण्ड पम्प जडान उपभोक्ता समिती,मायादेवी-६	११२०१.०६

७१ **गोदाम घर निर्माण (ठेक्का नं. ०९।७८।७९)**

यस निर्माण कार्यको लागि मिति २०८१।०९।३० भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री युरोटेक-चन्द्र मेटल जेभी बानेश्वर, काठमाडौंसँग मिति २०८०।१।२७ मा मूल्य अभिबृद्धि करसमेत रु. २,४५,२१,७७३।१९ (पिएस बाहेक) को खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको भौतिक प्रगति ६० प्रतिशत रहेको र निर्माण व्यासायीद्वारा २०८१।९।१ मा म्याद थपको लागी निवेदन दिएको हालसम्म म्याद थप भएको देखिएन। पालिकाले यस आर्थिक वर्षमा छैटौं रिनिङ्ग बिल बापत निर्माण व्यवसायिलाई भौचर नं. ५।८१।८।२७ बाट रु.१०,८४,२६५/- भुक्तानी गरेको छ। खरिद सम्झौताको म्याद समाप्त हुँदा सम्म निर्माण व्यवसायीको नाममा रहेको पेश्की रु.३०,३३,७३१/- फर्छौट गर्न बाँकी रहेको देखिन्छ। खरिद सम्झौताको म्याद समाप्त भैसकेको र पेश्की जमानत समेत लेखापरीक्षणका क्रममा पेश हुन नआएकाले पेश्की रकम जोखिममा रहेको देखियो । निर्माण व्यवसायीको नाममा रहेको उक्त पेश्की रकम असुल/फर्छौट हुनुपर्ने रु.

पेश्की	३०,३३,७३१

७२ **ल्याब परीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। त्यसैगरी प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्दछ। कार्यालयले देहायको निर्माण व्यवसायीलाई ल्याब परीक्षण वापत भुक्तानी गरेको रकमको बिल स्रेस्तासँग संलगन रहेको देखिएन। प्रोभिजनल सम वापतको रकम भुक्तानी दिँदा वास्तविक कार्य सम्पादनका आधारमा बिल भरपाई संलग्न गरी रकम भुक्तानी दिनु पर्नेमा बिल भरपाई बेगर भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	कामको विवरण	**निर्माण व्यवसायीको नाम**	**रकम**
२६५।८२।३।२४	ठूलो गौरा गाउँभित्र पिसिसि	आदर्श निर्माण सेवा	७०००
२७८।८२।३।२४	सडक मर्मत कार्य	शमा कन्सट्रकशन	५०००
		जम्मा रु	**१२०००**

असुल गर्नुपर्ने	१२,०००

७३ **कार्यक्रमको अनुगमन**

पालिकाले कृषी तथा सिँचाई प्रवर्धनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्तिलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनमा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। पालिकाले लागत साझेदारीमा (७५/२५) श्री एस डी ब्रदर्स सप्लायर्ससँग १११ वटा स्प्रे टंकी खरिद गरी भौचर नं. १६९।८२।३।११ बाट रु. ३,७४,६२६/- र श्री टि आर कृषि सप्लायर्ससँग दुई एच पी सुपर टेक पम्प ४५ वटा खरिद गरे वापत भौचर नं. २६३।८२।३।२४ बाट रु. ७,४२,५००/- भुक्तानी गरेकोमा वितरण गरिएका लाभग्राहीको विवरण अद्यावधिक गरी सार्वजनिकीकरण गरेको छैन। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र सामग्री विवरण तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ ।

७४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.स	विद्यालय	शिक्षक दरबन्दी (राहत सहित)	पदपूर्ति	पदपूर्तिमध्ये करार	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	उच्च माध्यमिक तह	२	२	२	३९२	१:१९६
२	माध्यमिक तह	१२	१२	४	१०३३	१:८६
३	निम्नमाध्यमिक तह	१३	१२	७	२१८६	१:१६८
४	प्राथमिक तह	९९	९८	२७	४८३७	१:४९
५	प्राविधिक (कक्षा ९-१२)	४	४	४	११७	१:१५
	जम्मा	**१३०**	**१२८**	**४४**	**८५६५**	

७५ **एकमुष्ट अनुदान**

शिक्षा सशर्ततर्फ तोकिएको कार्यक्रम संचालन तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ बमोजिम गर्नुपर्दछ । पालिकाले कार्यविधिको कृयाकलाप नं.२.७.१३.१३ (विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान) को बुँदा नं.९.६(शिक्षक दरबन्दी र शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान)बाट देहायअनुसारको विद्यालयलाई एकमुष्ट अनुदानबापत प्रति विद्यालय रु.१० लाख अनुदान निकासा दिएको छ । बुँदा नं.९.६(ज) मा एकमुष्ट अनुदान प्राप्त विद्यालयलाई एकमुष्ट अनुदानको अतिरिक्त दिवाखाजा, पाठ्यपुस्तक र छात्रवृत्ती अनुदान मात्र उपलब्ध गराउने उल्लेख छ साथै एकमुष्ट विद्यालय छनोट गर्ने कार्यविधि २०७६ को परिच्छेद ४ बुँदा नं ८ मा एकमुष्ट अनुदान रकम शिक्षकको पारिश्रमिक, बाल शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक, विद्यालय व्यवस्थापन लागायतको कार्यमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले एकमुष्ट अनुदान र तोकिएको अन्य अनुदानको अतिरिक्त विद्यालयलाई निकासा दिएको देहायअनुसारको थप अनुदान रकम पाउने आधार पेश अन्यथा उक्त रकम असुल गरी संघिय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

विद्यालयको नाम	अनुदान शीर्षक	रकम	कैफियत
श्री देवेन्द्र स्मृति आवि	कृयाकलाप नं.१.१.४.१ प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान	१४००००	१ जना बाल विकास सहजकर्ताको मासिक रु.१००००/- को दरले चाडपर्व खर्च समेत १३ महिनाको तलब र पोषाक खर्च समेत
श्री मदरसा रियाजुल उलुम अल्सफिना आवि		१४००००	१ जना बाल विकास सहजकर्ताको मासिक रु.१००००/- को दरले चाडपर्व खर्च समेत १३ महिनाको तलब र पोषाक खर्च समेत
श्री चन्द्र प्रकाश शिक्षा मन्दिर		२८००००	२ जना बाल विकास सहजकर्ताको मासिक रु.१००००/- को दरले चाडपर्व खर्च समेत १३ महिनाको तलब र पोषाक खर्च समेत
श्री मदरसा सराजम मुनिरा आवि		१४००००	१ जना बाल विकास सहजकर्ताको मासिक रु.१००००/- को दरले चाडपर्व खर्च समेत १३ महिनाको तलब र पोषाक खर्च समेत
श्री मदरसा मिस्बाहुल वलुम आवि	कृयाकलाप नं.२.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान	१५०००	ईन्टरनेट शुल्क भुक्तानी
श्री देवेन्द्र स्मृति आवि		१२०००	
श्री मदरसा रियाजुल उलुम अल्सफिना आवि		१२०००	
श्री चन्द्र प्रकाश शिक्षा मन्दिर		१२०००	
श्री मदरसा सराजम मुनिरा आवि		१२०००	
	जम्मा	**७६३०००**	

प्रमाण पेश नगरेको	७,६३,०००

७६ **छात्रवृत्ती**

संघीय सरकारबाट शिक्षातर्फ प्राप्त कार्यक्रम तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको कृयाकलाप नं.७.२.१.१(सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ती) को बुँदा नं. ४.१ मा तोकिएको दर र ४.२ अनुसार ई.एम.आई.एस. मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सत्यापित तथ्यांकको आधारमा अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले सत्यापन बेगर ६३ विद्यालय (धार्मिक समेत)लाई रु.२२,१५,८००/- छात्रवृत्ती अनुदान निकासा दिएको पाईयो । तथ्यांक सत्यापन बेगर निकासा दिएको रकम सम्बन्धमा यकिन गर्न सकिएन तसर्थ पालिका स्वयंले यस सम्बन्धमा यकिन गर्नुपर्दछ । पालिकाले कार्यविधिको व्यवस्था बमोजिम विद्यार्थी तथ्यांक सत्यापन गरेरमात्र अनुदान निकासा गर्नेतर्फ ध्यान दिनुकोसाथै नियमित अनुगमन गरी अनुदान रकम सदुपयोग भएनभएको सुनिश्चित गर्नुपर्दछ ।

७७ **पाठ्यपुस्तक**

संघीय सरकारबाट शिक्षातर्फ प्राप्त बजेट खर्च गर्दा सम्बन्धित वर्षको कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ। जस अनुसार कृयाकलापनं.२.४.६.२(सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान) बापत अनुदान निकासा गर्नुपूर्व आई.ई.एम.आई.एसमा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मको विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा कक्षागत

र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्नुपर्ने उल्लेख छ। पालिकाले तथ्यांक सत्यापन बेगर ६५ विद्यालय (धार्मिक समेत)लाई रु.७७,०६,१२८/- पाठ्यपुस्तक अनुदान निकासा दिएको पाईयो ।तथ्यांक सत्यापन बेगर निकासा दिएको रकम सम्बन्धमा यकिन गर्न सकिएन तसर्थ पालिका स्वयंले यस सम्बन्धमा यकिन गर्नुपर्दछ । पालिकाले कार्यविधिको व्यवस्था बमोजिम विद्यार्थी तथ्यांक सत्यापन गरेरमात्र अनुदान निकासा गर्नेतर्फ ध्यान दिनुकोसाथै नियमित अनुगमन गरी अनुदान रकम सदुपयोग भएनभएको सुनिश्चित गर्नुपर्दछ ।

७८ **दिवा खाजा अनुदान**

संघीय सरकारबाट शिक्षातर्फ प्राप्त बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार कृयाकलाप नं. १.११.७.२ (तोकिएको विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान)को अनुदान रकम निकासा गर्दा ईमिसमा भएको विद्यालयगत विद्यार्थी संख्या सत्यापन गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई सत्यापित तथ्यांकको आधारमा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले सत्यापन बेगर ६७ विद्यालय (धार्मिक समेत)लाई रु.१,७७,४१,१४५/- दिवा खाजा अनुदान निकासा दिएको पाईयो । तथ्यांक सत्यापन बेगर निकासा दिएको रकम सम्बन्धमा यकिन गर्न सकिएन तसर्थ पालिका स्वयंले यस सम्बन्धमा यकिन गर्नुपर्दछ । पालिकाले कार्यविधिको व्यवस्था बमोजिम विद्यार्थी तथ्यांक सत्यापन गरेरमात्र अनुदान निकासा गर्नेतर्फ ध्यान दिनुकोसाथै नियमित अनुगमन गरी अनुदान रकम सदुपयोग भएनभएको सुनिश्चित गर्नुपर्दछ ।

७९ **ईन्टरनेट अनुदान**

संघीय सशर्त शिक्षातर्फको कार्यान्वियन तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ अनुसार गर्नुपर्दछ । कार्यविधिको कृयाकलाप नं.२.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमको बुँदा नं ६.२(क) मा परम्परागत विद्यालयको संख्या यकिन गरी पाठ्यपुस्तक, छात्रवृत्ती, सेनिटरी प्याड एवं दिवाखाजाबापतको थप अनुदान उपलब्ध गराउन सकिने व्यवस्था भएकोमा पालिकाले श्री मदरसा मिसबा उलुम प्राविलाई ईन्टरनेटबापत थप अनुदान रु.१५०००/- निकासा दिएकोमा थप अनुदान पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,०००

८० **कार्यविधि विपरित अनुदान**

सशर्त शिक्षातर्फको रकम खर्च गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा तोकिए बमोजिम गर्नुपर्दछ । जस अनुसार पालिकाले संघिय सरकारबाट स्रोत व्यवस्थापन हुने विद्यालयगत बाल विकास केन्द्र संख्या यकिन गरी विद्यालय र विद्यालयसंग मातृसम्बन्ध स्थापना गरी संचालनमा रहेका बालविकास शिक्षकको पारिश्रमिक प्रतिमहिना रु.१०,०००/- को दरले १२ महिना र चाडपर्व खर्चका लागि हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने, पालिका मातहत संचालित सामुदायिक विद्यालयको बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई दिवा खाजा अनुदान दिने र आधारभूत तह (कक्षा १-५) संचालित विद्यालयलाई ईन्टरनेट जडान तथा जडित ईन्टरनेटको शुल्क भुक्तानी प्रयोजनार्थ वार्षिक रु.१२,०००/- अनुदान दिने व्यवस्था छ । कार्यविधिमा भएको व्यवस्था विपरित कुनै पनि विद्यालय र विद्यालयसंग मातृसम्बन्ध स्थापना नभई स्वतन्त्र रुपमा संचालित श्री शकुन्तला बाल विकास केन्द्रलाई यस वर्ष देहाय अनुसार रु. २,०४,५८५/- अनुदान रकम निकासा दिएको छ । संघिय अनुदान उपलब्ध गराइने उक्त बालविकास केन्द्रलाई कुनै विद्यालयसँग मातृसम्बन्ध स्थापित गरेर मात्र सञ्चालित गरिनु पर्दछ।

क्र.सं.	बेहोरा	रकम
१.	१ जना बाल विकास सहजकर्ताको मासिक रु.१००००/- को दरले चाडपर्व खर्च समेत १३ महिनाको तलब र पोषाक खर्च समेत	१४००००
२.	दिवा खाजा	५२५८५
३.	ईन्टरनेट शुल्क	१२०००
जम्मा		**२०४५८५**

८१ **शैक्षिक सामग्री छपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ (शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण) अन्तर्गत कक्षा ८को परीक्षा संचालन गर्न पालिकाले देहायको सामग्री छपाईबापत गो.भौ.नं.१०३-०८१।१२।४ बाट श्री सजिता प्रिन्टिङ्ग प्रेस (बिजक नं.६५-२०८१।११।१८) लाई रु.२,३८,१८१/- भुक्तानी दिएकोमा श्रेस्ता साथ रु.६७,७४६/- बरावरको शैक्षिक सामग्री ८ वटा परीक्षा केन्द्रलाई हस्तान्तरण गरेको पाईयो । आवश्यकता भन्दा बढि शैक्षिक सामग्री छपाई गरी पालिकालाई थप व्यय भार परेको देखिन्छ । आवश्यकताका आधारमा मात्र शैक्षिक सामग्री छपाई गर्नु पर्दछ ।

सामग्री	छपाई भएको			विद्यालयलाई हस्तान्तरण		मौज्दात रहेको	
	परिमाण	दर	रकम	परिमाण	रकम	परिमाण	रकम
प्रश्नपत्र	१२६७	४५.२	५७२६८	९६९	४३७९८	२९८	१३४७०
ग्रेडसिट	२०००	१८.०८	३६१६०	-	-	२०००	३६१६०
उत्तर पुस्तिका	९०००	११.१८७	१००६८३	९६९	१०८४०	८०३१	८९८४३
थप उत्तर पुस्तिका	१००००	३.२७७	३२७७०	४०००	१३१०८	६०००	१९६६२
मार्क लेजर	५००	२२.६	११३००	-	-	५००१	११३००
		जम्मा	**२३८१८१**		**६७७४६**		**१७०४३५**

८२ **लेखापरीक्षण**

गो.भौ.नं.५४-२०८१।९।१६ सशर्त शिक्षातर्फको रकम खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा तोकिए बमोजिम गर्नुपर्दछ । उक्त पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० बुँदा नं ५.४ अनुसार पालिकाले विद्यालयलाई सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रयोजनार्थ अनुदान निकासा दिँदा पालिकाको अन्तिम लेखापरीक्षण हुनु अगावै सम्बन्धित विद्यालयले लेखापरीक्षण सम्पन्न गराई लेखापरीक्षण प्रतिवेदन स्थानीय तहमा दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाई सामाजिक परीक्षण तथा लेखापरीक्षण बापत निम्नानुसार अनुदान निकासा दिएकोमा लेखापरीक्षणको क्रममा प्रतिवेदन पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

क्र.सं.	बिद्यालयको नाम	सामाजिक/ लेखापरीक्षण
१	श्री चतुरभुजी आवि	१००००
२	श्री गौतमबुद्ध प्रावि	१००००
३	श्री ज्ञानज्योति प्रवि	१००००
४	श्री हरियाली सामुदायिक प्रावि डुमरिया	१००००
५	श्री जनता आवि	१००००
६	श्री जनता प्रावि सानोगौरा	१००००
७	श्री जनता प्रावि मनखोरिया	१००००
८	श्री जनता मावि बालुहवा	१५०००
९	श्री नेपाल राष्ट्रिय मावि मुन्गहेरी	१५०००
१०	श्री सरस्वती आवि सेमरौति	१००००
११	श्री सरस्वती आवि करमहावा	१००००
१२	श्री सरस्वती बुद्धज्योति आवि	१००००
१३	श्री बालकल्याण आवि बरगद्वा	१००००
१४	श्री बालुहावा प्रावि	१००००
१५	श्री आवि ईमलिया पूर्व	१००००
१६	श्री छत्रपति तिर्थदेवी मावि पकडी	१५०००
१७	श्री हरिवंश प्रावि	१००००
१८	श्री जनता आवि पिपरा	१००००
१९	श्री मुनेश्वर मावि	१५०००
२०	श्री नेपाल राष्ट्रिय प्रावि	१००००
२१	श्री नेपाल राष्ट्रिय मावि	१५०००
२२	श्री राष्ट्रिय प्रावि	१००००
२३	श्री राष्ट्रिय मावि	१५०००
२४	श्री स्वतन्त्र मावि	१५०००
२५	श्री सिहोर्वा प्रावि	१००००
२६	श्री शुभद्रा जनता मावि	१५०००
	जम्मा	**३०००००**

प्रमाण पेश नगरेको	३,००,०००

८३ **प्रविधि हस्तान्तरण**

गो.भौ.नं.१७३-०८२।३।३ संघ सशर्त लघुउद्यम विकास कार्यक्रम तर्फको बजेट तथा कार्यक्रम संचालन गर्दा गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम गर्नुपर्दछ । निर्देशिकाको बुँदा नं.४१ मा प्रविधि हस्तान्तरण सम्बन्धी

प्रकृया र बुँदा नं.४२ मा प्रविधि हस्तान्तरणको शर्तको व्यवस्था छ । पालिकाले श्री शिवांश आभा सप्लायर्सबाट देहायको सामग्री खरिदबापत रु.२,६७,९२३/- भुक्तानी दिएकोमा यस समबन्धमा देखिएको बेहोरा निम्नानुसार छः

सामग्री	परिमाण	दर	रकम
रिङ स्टुल	२३	२०३४	२४४०८
कैंची	३५	५६५	१९७७५
सिलाई मेशिन	१२	१८६४५	२२३७४०

(क) निर्देशिकाको बुँदा नं.४१ मा पालिकाले उद्यमीसंग सम्झौता शर्तनामा सहित प्रविधि हस्तान्तरण गर्नुपर्ने, लघुउद्यमीले प्रविधि उपयोगको विवरण उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सम्झौता बेगर कार्यक्रम अनुसार सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा गर्न कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनुपर्नेमा ११ जनालाई १।१ थान सामग्री हस्तान्तरण गरेको कार्य उचित देखिएन ।

(ख) खरिद भएको सामग्रीमध्ये रु.१८,६४५/- को १ थान सिलाई मेशिन, रु.१३५६०/- को २४ थान कैंची र रु.२४,४०८/- को १२ थान रिङ स्टुल समेत कुल रु.५६,६१३/- को सामग्री वितरण नभई पालिकाको जिन्सीमा प्रयोग विहिन अवस्थामा रहेको संलग्न विवरणबाट देखियो । तसर्थ आवश्यकता भन्दा बढी सामग्री खरिद गरी थप व्ययभार पारेको देखियो ।

(ग) निर्देशिकाको बुँदा नं.५८ मा अनुगमन, मूल्यांकन र प्रतिवेदन सम्बन्धि व्यवस्था रहेकोमा कार्यक्रमको अनुगमन मूल्यांकन भएको प्रतिवेदन श्रेस्तासाथ संलग्न रहेको पाईएन । कार्यक्रमको नियमित अनुगमन गरी तालिमबाट तोकिएको उपलब्धि हासिल भए नभएको यकिन गरी प्रभावकारिता अभिवृद्धि गर्न केन्द्रित हुन जरुरी देखियो ।

(घ) निर्देशिकाको बुँदा नं.५३(च) बमोजिम यस कार्यक्रम अनुसार भए गरिएको कार्यहरुको सार्वजनिक सुनुवाई संचालन गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनु जरुरी देखियो ।

८४ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा ऐ. नियमावलीको नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने, नियम ८६(ग) मा सोझै खरिद गर्दा आपूर्तिकर्ताले सार्वजनिक निकायको माग बमोजिम पेश गरेको प्रस्ताव त्यस्तो निकायले निर्धारण गरेको स्पेशिफिकेशन तथा प्राविधिक गुणस्तर बमोजिम भए नभएको यकिन गर्नुपर्ने साथै नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । श्री क्यान्डेल मेडि कन्सर्नबाट रु.८,१३,८२९०/- (मू.अ.कर सहित) मूल्यका ४३ प्रकारको औषधि खरिद गरेकोमा स्पेशिफिकेशन बमोजिम आपूर्तिकर्ताले आपूर्ति गरे नगरेको सम्बन्धमा नियमावलीमा भएको व्यवस्था बमोजिम सामान आपूर्ति भईसके पश्चात् गुणस्तर तथा स्पेशिफिकेशन परीक्षण गरेको प्रतिवेदन लेखापरीक्षणमा पेश भएन तसर्थ यस सम्बन्धमा यकिन गर्न सकिएन ।

८५ **स्यानिटरी प्याड**

गो.भौ.नं.२१७-०८२।३।२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा ऐ. नियमावलीको नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने, नियम ८६(ग) मा सोझै खरिद गर्दा आपूर्तिकर्ताले सार्वजनिक निकायको माग बमोजिम पेश गरेको प्रस्ताव त्यस्तो निकायले निर्धारण गरेको स्पेशिफिकेशन तथा प्राविधिक गुणस्तर बमोजिम भए नभएको यकिन गर्नुपर्ने साथै नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिका र श्री जसमिन हाईजिन प्रोडक्टस प्रा.लिबीच प्रति प्याकेट रु.४१।८१ को दरले ३३००० प्याकेट स्यानिटरी प्याड खरिद गर्ने गरी रु.१२,९६,११०/- (मू.अ.कर सहित) मूल्यको २०८२।३।२५ सम्म आपूर्ति गर्नेगरी २०८२।३।१३ मा सम्झौता भएकोमा उक्त सामग्री

पालिकाको जिन्सी खातामा २०८२।३।२२ मा आम्दानी बाँधेको पाईयो । पालिकाले सम्झौतामा उल्लेखित स्पेशिफिकेशन बमोजिम आपूर्तिकर्ताले आपूर्ति गरे नगरेको सम्बन्धमा नियमावलीको व्यवस्था बमोजिम सामान आपूर्ति भईसके पश्चात् गुणस्तर तथा स्पेशिफिकेशन परीक्षण गरेको प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले तोकिएको स्पेशिफिकेशन बमोजिमकै स्यानिटरी प्याड आपूर्ति भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ यस सम्बन्धमा पालिकाले ध्यान दिन जरुरी देखिन्छ ।

८६ गत बर्षको ग्रेड भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नमुना छनौट गरी परिक्षण गर्दा पालिकाको स्वास्थ्य तर्फका कर्मचारीको गतवर्षको छुट ग्रेड भनी रु. ८८,८९७/- भुक्तानी भएकोमा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरेको देखिएन । भुक्तानी बाँकीको कच्चाबारी बेगर भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८८,८९७

८७ दायित्व भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी तपसिलको भुक्तानी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

गो.भो.नं. र मिति	**बेहोरा**	**रकम**
२७-०८१।७।८	आमा सुरक्षा कार्यक्रम अन्तर्गत यातायात, PNC र संस्थागत अनुदानबापत श्री पकडी स्वास्थ्य चौकीलाई २०८० फागुन देखि २०८१ असारसम्मको रकम भुक्तानी	४००८००
२८-०८१।७।१२	आमा सुरक्षा कार्यक्रम अन्तर्गत यातायात, PNC र संस्थागत अनुदानबापत श्री प्राथमिक स्वास्थ्य चौकी, हरनामपुरलाई २०८१ बैशाख देखि २०८१ असारसम्मको रकम भुक्तानी	६६०००
७१-०८१।१०।२०	ओमी फार्मालाई (बिल नं ९०६-२०८१।३।५) रु.४८/- को दरले २००० थान डेलिभरी प्याड खरिदबापत भुक्तानी	९६०००
	श्रीराम मेडिको कन्सर्नलाई (बिल नं ११६-२०८०।६।३) रु.९००।६ को दरले ७७७ सेट न्यानो झोला खरिदबापत भुक्तानी	६९९७७४
	जम्मा	**१२६२५७४**

अनियमित भएको	१२,६२,५७४

८८ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हुने आयमा छुट पाउने रकम कट्टा गरी बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाले देहायनुसारको कर्मचारीको २०८१ श्रावण देखि २०८२ असार मसान्त सम्मको पारिश्रमिक आयमा घटी करकट्टी गरेको रकम असुल गर्नुपर्ने रु.

कर्मचारीको पद, नाम थर	खुद वार्षिक आय (कट्टी रकम घटाई)	छुट	कर योग्य आय	सासु कर समेत मासिक कर कट्टा		घटी कर रकम
				हुनुपर्ने	भएको	
अधिकृत आठौं श्री अभिशेक श्रीवास्तव	६४३५८१	६०००००	४३५८१	८५०	४८७	४३५६
अधिकृत छैठौं श्री जोगेन्द्र प्रसाद गुप्ता	६९०९०१	६०००००	९०९०१	१२५८	५१६	८९०४
अधिकृत छैठौं श्री रन कुमार श्रेष्ठ	७५०९०१	६०००००	१५०९०१	२१८२	१७२४	५४९६
अधिकृत छैठौं श्री शंकर बैठा	७५०९०१	६०००००	१५०९०१	२१८२	१७२४	५४९६
सहायक पाँचौ सि.अ.न.मी श्री ईन्द्र कुमारी रेश्मी	६३०३१८	६०००००	३०३१८	७५३	४७४	३३४८
सहायक पाँचौ सि.अ.न.मी श्री रामरती चौधरी	६३०३१८	६०००००	३०३१८	७५३	४७४	३३४८
जम्मा						३०९४८

असुल गर्नुपर्ने	३०,९४८

८९ **नर्म्स विपरित दर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्थाको साथै तालिम कार्यक्रम संचालन गर्दा अर्थमन्त्रालबाट स्वीकृत कार्य संचालन निर्देशिका बमोजिम गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले देहायको तालिम संचालन गर्दा निर्देशिकामा तोकिएको दर भन्दा बढी दरले भुक्तानी गरेको देखियो । कार्य संचालन निर्देशिकामा तोकिएको दर भन्दा बढि दरले भुक्तानी गरिएको रकम असुल हुनुपर्ने रु.

गो भौ नं र मिति	बापत	संख्या	दर (रु.)			कट्टी कर घटाई बढी रकम	
			पाउने	दिएको	बढी		
१०६-०८१।१२।५	**गीता कुमारी थारुलाई झोला डिजाईन सीप विकास तालिमबापत भुक्तानी**						
	प्रशिक्षक भत्ता	२०	१४००	२०००	६००	१०२००	
१८३-०८२।३।१२	**गीता कुमारी थारुलाई डल कुशन बनाउने सीप विकास तालिमबापत भुक्तानी**						
	प्रशिक्षक भत्ता	२०	१४००	२०००	६००	१०२००	
						जम्मा	**२०४००**

असुल गर्नुपर्ने	२०,४००

९० **प्रमाण बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानी खर्च लेखेको भौचरसाथ खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नभएकोले उक्त खर्च पुष्टि हुने प्रमाण कागजात पेश हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	बेहोरा	रकम	कैफियत
१३६-०८२।१।१७	रोजगार सेवाकेन्द्र संचालन गर्न आवश्यक मसलन्द खरिद	६५४५०	जिन्सी दाखिला प्रतिवेदन नभएको
१३९-०८२।१।३०	युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मालाई गाडी भाडाबापत भुक्तानी	४२५००	गाडी प्रयोग भएको प्रमाण संलग्न नरहेको
२२०-२०८२।३।२४	न्यूबाबा प्रिन्टर्सलाई वित्तीय साक्षरताको ५० थान किताब र साक्षरता पासबुक छपाईबापत भुक्तानी	२२३१५	हस्तान्तरण भएको प्रमाण पेश नभएको
	जम्मा	**१३०२६५**	

प्रमाण पेश नगरेको	१,३०,२६५

९१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.१९६-०८२।३।१६ बाट वित्तीय साक्षरता कक्षा संचालन, जनप्रतिनिधि तथा शाखा प्रमुखसंग अन्तर्क्रिया कार्यक्रम संचालनबापत श्री सुरेश चमारलाई रु.१,६५,३६०/- भुक्तानी दिएकोमा श्रेस्तासाथ रु.१,५४,९१०/-को मात्र बिल भरपाई संलग्न रहेकोले निजलाई बढी भुक्तानी भएको रकम रु.१०,४५०/- असुल गरी संघीय संचितकोष फिर्ता हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१०,४५०

९२ **सामाजिक सुरक्षातर्फ**

९२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. २२,७१,२६,०७२/- विद्युतीय भुक्तानी प्रणालीमार्फत् बैंकमा पठाईएको पाइयो। सामाजिक सुरक्षा वितरण सम्बन्धी विवरण परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :

९२.२ **बढी भुक्तानीः** सामाजिक सुरक्षा भत्ताबापत ४ वटै त्रैमासिकमा निकासा दिएको रकमको सफल ई.एफ.टि विवरण र पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधार मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले पालिकाले पुनः यकिन गरी पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

वडा नं	लाभग्राहीको नाम थर	समूह	रकम	कैफियत
२	करा मुल्लाह	जे.ना. अन्य	३६९३१	मृत्यु जनाई २०८२।५।१८ मा ०८१।६।२४ बाट लागु हुनेगरी ल.क.भएकोमा ४ वटै त्रैमासिकको पुरै भत्ता निकासा
२	ललमुन्निसा मु.	जे.ना. अन्य	२२५२७	मृत्यु जनाई २०८२।५।१८ मा ०८१।१०।१२ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
२	प्रहलाद बनिया	जे.ना. अन्य	११७२४	मृत्यु जनाई २०८२।१।१६ मा ०८१।१०।३ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
२	कलसुमा खातुन	जे.ना. अन्य	७३२५	मृत्यु जनाई २०८२।५।१८ मा ०८२।२।७ बाट लागु हुनेगरी ल.क.भएकोमा चौथो त्रैमासिकको पुरै भत्ता निकासा
२	तालमुन्नीसा शेषाईन	जे.ना. अन्य	७५९१	मृत्यु जनाई २०८२।१।१६ मा ०८१।११।३ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
२	मोहन पासी	जे.ना.दलित	१३१०१	मृत्यु जनाई २०८२।४।१४ मा ०८१।१०।१४ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
२	मोहरती कोहाईन	जे.ना. अन्य	८०००	मृत्यु जनाई २०८१।११।२२ मा ०८१।८।१ बाट लागु हुनेगरी ल.क.भएको दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा
२	पहलाद अहिर	जे.ना. अन्य	२३७२४	मृत्यु जनाई २०८२।५।१८ मा ०८१।१०।३ बाट लागु हुनेगरी ल.क.भएको तेश्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
२	नुरुन निसा मु.	जे.ना. अन्य	३५७२४	मृत्यु जनाई २०८२।५।१८ मा ०८१।७।३ बाट लागु हुनेगरी ल.क.भएको दोश्रो, तेश्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
३	सुरेन्द्र नाथ त्रिपाठी	जे.ना. अन्य	२५४६७	मृत्यु जनाई २०८२।५।१६ मा ०८१।९।२० बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो, तेश्रो र चौथो त्रैमासिकको पुरै भत्ता निकासा
३	राम रतन लोहार	जे.ना. अन्य	१५३२५	मृत्यु जनाई २०८२।४।२६ मा ०८१।१२।७ बाट लागु हुनेगरी ल.क.भएकोमा ४ वटै त्रैमासिकको पुरै भत्ता निकासा
३	फुलमती पासीन	जे.ना. अन्य	३७२४	मृत्यु जनाई २०८१।७।५ मा ०८१।६।३ बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम त्रैमासिकको पुरै भत्ता निकासा
३	बुधराम चमार	जे.ना. अन्य	२१२८	मृत्यु जनाई २०८२।४।८ मा ०८२।३।१५ बाट लागु हुनेगरी ल.क.भएकोमा चौथो त्रैमासिकको पुरै भत्ता निकासा
३	सन्तराम अहिर	जे.ना. अन्य	२१२८	मृत्यु जनाई २०८२।४।८ मा ०८२।३।१५ बाट लागु हुनेगरी ल.क.भएकोमा चौथो त्रैमासिकको पुरै भत्ता निकासा
६	भगौति कहार	जे.ना. अन्य	३६०००	मृत्यु जनाई २०८२।१।३० मा ०८१।३।२५ बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम, दोश्रो र तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
६	तारमति चौबाईन	जे.ना. अन्य	१८१९४	मृत्यु जनाई २०८२।२।१८ मा ०८१।८।१५ बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो र तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
६	फुलमती अहिर	जे.ना. अन्य	४६६५	मृत्यु जनाई २०८२।२।१८ मा ०८१।११।२५ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	पाति चमार	जे.ना. अन्य	१७५४८	मृत्यु जनाई २०८१।१२।१० मा ०८१।५।२० बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम र दोस्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	झिनका अहिर	जे.ना. अन्य	१८६६७	मृत्यु जनाई २०८१।१२।१० मा ०८१।५।१२ बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम र दोस्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	सुभद्रा कलावार	जे.ना. अन्य	४९०३	मृत्यु जनाई २०८१।१०।६ मा ०८१।५।२५ बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम त्रैमासिकको पुरै भत्ता निकासा

७	कोदाई कहार	जे.ना. अन्य	१६७७	मृत्यु जनाई २०८१।१०।६ मा ०८१।६।१९ बाट लागु हुनेगरी ल.क.भएकोमा प्रथम त्रैमासिकको पुरै भत्ता निकासा
७	सुरसति गोसाई	जे.ना. अन्य	२३८६७	मृत्यु जनाई २०८२।५।१३ मा ०८१।७।२ बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो र तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	सुभावती कोरी	जे.ना.दलित	४२६२	मृत्यु जनाई २०८२।१२।१० मा ०८१।८।१३ बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	राम उग्र तेली	जे.ना. अन्य	६४००	मृत्यु जनाई २०८२।१२।१० मा ०८१।८।१३ बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	शोहरता अहिर	जे.ना. अन्य	५४६५	मृत्यु जनाई २०८२।१२।१० मा ०८१।८।२० बाट लागु हुनेगरी ल.क.भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	मुल्ताजिमा मिया	जे.ना. अन्य	९७३३	मृत्यु जनाई २०८२।५।१३ मा ०८१।१०।१८ बाट लागु हुनेगरी ल.क.भएकोमा तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा
७	हुवाई चमार	जे.ना. अन्य	२१२५	मृत्यु जनाई २०८२।५।१३ मा ०८२।३।१६ बाट लागु हुनेगरी ल.क.भएकोमा चौथो त्रैमासिकको पुरै भत्ता निकासा
जम्मा			**३६८९२५**	

असुल गर्नुपर्ने	३,६८,९२५

९२.३ **विवरण अध्यावधिक :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९२.४ **पारदर्शिता कामय गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

९२.५ **विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मायादेवी गाउँपालिका, कपिलवस्तु , मायादेवी गाउँपालिका , कपिलबस्तु

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	युवराज परियार 201981	२०८१-१-९	२०८१-५-१७
कार्यालय प्रमुख	रामकृष्ण तेली	२०८१-५-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रकाश गौतम	२०७७-१२-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	गिरिराज गौतम	२०७७-४-१	२०८१-१०-७

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,१०८,५४६	५,२९९,७११	७,४६८,३१४	०	०	३,३९८,७३१
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,२७५,३०२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,२७५,३०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२४७७३६०५.५९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१९४८९४००	चालु खर्च	३८६४४०६१८.७१
प्रदेश सरकारबाट अनुदान	२४८९९०००	पूँजीगत खर्च	१७१०८५५०८
राजश्व बाँडफाँट	१२७४७१२९३.५४	वित्तीय/अन्य व्यवस्था	२६४२२७५८९.३५
आन्तरिक आय	११३२८११९.९२		
अन्य आय	२४१३३३४५६		
कुल आय	८२४५२१२६९.४६	कुल खर्च	८२१७५३७१६.०६
बाँकी मौज्दात		२७५४११५८.९९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प.फा.नं.२७०.१			
प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२			
आर्थिक सङ्केत	विवरण	चालु आर्थिक वर्ष	गत आर्थिक वर्ष
११०००	कर	१२९२६५०६८.७५	११५६०२५२८.५४
१३०००	अनुदान	४१६२५७३५१.६५	३९१२७२०९७.२८
१४०००	अन्य राजस्व	७९६०८३७.७१	७८११४४०.१३
१५०००	विविध प्राप्ति	१५४३८०२.	७३९५६३.
क	कुल जम्मा प्राप्ति	५५५०२७०६०.११	५१५४२५६२८.९५
	चालु	३८६४४०६१८.७१	३६०२४६१२२.०६
२१०००	पारिश्रमिक / सुविधा	१५५८८८३०३.४५	१५७४९६४२९.९८
२२०००	मालसामान तथा सेवाको उपयोग	२११२७४४२४.२६	१७५९४५९१४.०८
२५०००	सहायता (Subsidy)	५७६८६६२.	४०३२५९१.
२७०००	सामाजिक सुरक्षा	११९१७४३७.	२०४१५४३७.
२८०००	अन्य खर्च	१५९१७९२.	२३५५७५०.
	पुँजीगत	१७१०८५५०८.	१६५९९५१६२.६७
३१११०	भवन तथा संरचना	८२११३७.	६०७०४९२.
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५६६२४०४.	३२२३२४९.
३११३०	अन्य पुँजीगत खर्च	१४९५४१०.	०
३११५०	सार्वजनिक निर्माण	१६२६२४७८६.	१५५८३४५०१.६७
३११६०	निर्मित सरंचनाको सुधार खर्च	४८१७७१.	८६६९२०.
ख)	कुल जम्मा भुक्तानी	५५७५२६१२६.७१	५२६२४१२८४.७३
ग)	बचत /कमी (ग = क-ख)	-२४९९०६६.६	-१०८१५६५५.७८
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	५२६६६२०.	-५७३२५२९.
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	३७,४४८.००	
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	२७६७५५३.४	-१६५४८१८४.७८

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२४७७३६०५.५९	४१३२१७९०.३७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२७५४११५८.९९	२४७७३६०५.५९

सुझाव

मायादेवी गाउँपालिकाद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण भइ प्रतिवेदन पेश भएपनि प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नभएको तथा आन्तरिक लेखापरीक्षकलाई अन्य काम लगाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।